फोन नं. ४२११९९१, ४२००५१५
फ्याक्स: ९७७-१-४२११८७७
अडियो नोटिस बोर्ड नं.: १६१८०१४२००५१५
इमेल: info@moless.gov.np
वेबसाइट: www.moless.gov.np

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल

पत्र संख्याः-
चलानीः-

## प्रेस विज्ञप्ति

आज मिति २०८१ पुस २५ गते माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री श्री शरत सिंह भण्डारीसँग नेपालका लागि दक्षिण कोरियाली राजदुत श्री PARK, Tae-Young ले शिष्टाचार भेट गर्नुभएको छ।

भेटका क्रममा नेपाल र दक्षिण कोरियाबीच भएको श्रम सम्झौताका विभिन्न पक्षहरूबारे गहन छलफल भएको थियो। विशेषतः ई.पि.एस. प्रणाली अन्तर्गतको सम्झौतालाई पुनरावलोकन गरी नवीकरण गर्ने, सीपयुक्त कामदारलाई दक्षिण कोरिया पठाउने सम्बन्धी कार्यविधि, ई.पि.एस. उतीर्ण भई रोष्टरमा रहेका नेपाली कामदारलाई शीघ्र रोजगारमा पठाउने, शिप बिल्डिंग, लगायतका क्षेत्रमा छनौट भएका कामदारका मागहरु सम्बोधन गर्ने, कोरिया जान सबै चरण पुरा गरी उडानका लागि पर्खाईमा रहेका नेपाली कामदारहरुलाई छिटो, सरल र सहज ढंगबाट दक्षिण कोरिया पठाउन थप सहजीकरण गर्नुपर्ने विषयमा छलफल भयो।

भेटघाटका क्रममा मन्त्री भण्डारीले दक्षिण कोरिया जानका लागि परीक्षा उतीर्ण गरी रोष्टरमा रहेका सबै नेपाली लाई पठाउन र आगामी दिनमा कामदारको माग संख्या बढाउनका लागि पहल गर्नुपर्ने बताउनुभयो। कोरिया भाषा परीक्षा उतीर्ण गरेका, तयारीमा रहेका, विगतमा रोष्टरमा नाम परेका तर कोरिया जान नपाएका व्यक्तिहरु समेत लाई लक्षित गरी आगामी दिनमा विशेष व्यवस्था गर्नुपर्ने र सो कार्यका लागि सीप विकासमा कोरिया सरकारले सहयोग गर्नुपर्ने बताउनुभयो। भेटका क्रममा नेपालका लागि दक्षिण कोरियाका राजदुतले नेपाली कामदारहरुको उच्च कदर गर्दै नेपालबाट निरन्तर रुपमा कामदार लैजाने, रोष्टरमा नाम समावेश भएका व्यक्तिलाई उच्च प्राथमिकताका साथ रोजगारमा लैजान पहल गर्ने र थप नेपाली कामदार लैजाने विषयमा आफु सकारात्मक रहनुभएको बताउनुभयो।

नेपाली कामदारका लागि दक्षिण कोरिया उत्कृष्ट गन्तव्य रहेको र आगामी दिनमा सीपयुक्त कामदार पठाउन सकिने समेत सम्भावना भएको हुँदा दुवै पक्षले सीप विकास कार्यमा सहकार्यका लागि प्रतिबद्धता व्यक्त गर्नुभयो।

मितिः २०८१ पुस २५

२०८१।०९।२५

(बसन्त बहादुर बोहरा)
सहायक प्रवक्ता